बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र./२०८२/८३
चलानी नं. :- १६०२

मिति:-२०८२/१२/२३

विषय: सार्वजनिक विदामा सरकारी सवारी साधनको प्रयोग तथा मितव्ययीता सम्बन्धमा।

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,
बागमती प्रदेश।

उपरोक्त विषयमा, विभिन्न अन्तर्राष्ट्रिय घटनाहरुको कारणले अन्तर्राष्ट्रिय बजारको साथै नेपालमा समेत सवारी इन्धनको मूल्य निरन्तर बढिरहेको व्यहोरा जानकारी नै छ। प्रस्तुत सन्दर्भमा इन्धनको नयूनतम प्रयोग गरी सरकारी सवारी साधनको मितव्ययी प्रयोग गर्ने सन्दर्भमा देहायबमोजिम गर्नु गराउनुहुन मिति २०८२/१२/२३ को निर्णय (प्रमुख सचिवस्तर) अनुसार अनुरोध छ:-

१. बिदाको दिनमा अति आवश्यक काममा बाहेक सरकारी साधन प्रयोग नगर्ने। कार्यालयको काममा अति आवश्यक भई प्रयोग गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारीबाट सवारी पास जारी गरी/गराई मात्र प्रयोग गर्ने,
२. खण्ड (१) बमोजिमको पासमा सवारी साधन प्रयोग गर्ने पदाधिकारी, कुन काममा प्रयोग हुने हो सोको विवरण, यात्रा गर्ने स्थान जस्ता विषय अनिवार्य रुपमा उल्लेख गर्ने। पासको ढाँचा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गर्ने,
३. खण्ड (२) बमोजिम पास जारी गर्ने सन्दर्भमा प्रदेश सचिवको हकमा प्रमुख सचिव वा निजबाट अधिकार प्राप्त मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिवले र मातहत कर्मचारीको हकमा सम्बन्धित सचिवले जारी गर्ने,
४. सवारी साधनको प्रयोग गर्दा अनिवार्य रुपमा लगबुक भर्ने र प्रयोग गर्ने पदाधिकारीले प्रमाणित गर्ने,
५. सवारी साधनको मितव्ययी प्रयोग गर्ने सन्दर्भमा एकैपटक धेरै कर्मचारी यात्रा गर्दा समेत सकभर न्यूनतम संख्यामा सवारी साधन प्रयोग गर्ने। एउटा सवारी साधनमा व्यवस्थापन गर्न सकिने भए एकभन्दा बढी सवारी साधन प्रयोग नगर्ने, पदाधिकारी पिच्छे छुट्टाछुट्टै प्रयोग गर्ने विगतको अभ्यासमा सुधार गर्ने,
६. विद्युतीय सवारी साधन प्रयोगलाई प्रवर्द्धन गर्ने गरी आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेटमा समेत प्रस्ताव गर्ने,
७. माथि उल्लेख भएबमोजिम भए/नभएको सम्बन्धमा पास जारी गर्ने पदाधिकारी र निकायले समय समयमा अनुगमन गर्ने र कैफियत देखिएमा नियमानुसार कारवाही गर्ने।

(नोटः-सवारी पासको नमूना संलग्न छ)

२०८२।१२।२३
(तीर्थराज घिमिरे)
अधिकृत सातौं

सादर अवगतार्थः
मा. मुख्यमन्त्रीज्यू,/मा. मन्त्रीज्यूहरु,
बागमती प्रदेश सरकार।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

## सार्वजनिक बिदाको दिन सवारी साधन प्रयोग गर्ने अनुमति पत्र (पास)

१. पास जारी गर्ने
(क) कार्यालयः (ख) अनुमती नम्बरः
(ग) सवारी साधन नम्बरः
२. सवारी साधन प्रयोग हुने दिन .......................... देखि ..................................
३. सवारी साधन प्रयोग हुने स्थान ..........................................................
४. चालकको
(क) नाम थरः
(ख) सम्पर्क नम्बरः
५. सवारी प्रयोग गर्ने पदाधिकारी
(क) नाम थरः
(ख) पदः
(ग) सम्पर्क नम्बरः
६. बिदाको दिनमा सवारी प्रयोग गर्ने प्रयोजनः ..................................................
..................................................
..................................................

अनुमति प्रदान गर्नेको:
दस्तखतः
नाम थरः
पदः
सम्पर्क नम्बरः

*नोटः अनुगमन गर्ने अधिकार प्राप्त अधिकारीले जाँचबुझ गर्दा उद्देश्य विपरित प्रयोग भएको पाइएमा अनुमति दिने अधिकारीलाई जानकारी दिनुहुन अनुरोध छ।*

प्रमुख सचिव